
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २८ गते शनिबार ❑ 11 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## सरकारको वित्त नीतिमा संरचनात्मक सुधार आवश्यक : राष्ट्रपति भण्डारी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

राष्ट्रपति विद्यादेवी भण्डारीले अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि सरकारले आफ्नो वित्त नीतिमा संरचनात्मक सुधार गर्न आवश्यक रहेको बताउनुभएको छ ।

संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई शुक्रबार सम्बोधन गर्दै उहाँले अर्थतन्त्रमा प्रभाव पार्ने आन्तरिक र बाह्य प्रभावको समग्र अध्ययन गरेर सरकारको वित्त नीतिमा संरचनागत परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको बताउनुभएको हो ।

'देशको राजनीतिले एउटा लय र गति समातीसकेकाले अब हाम्रो ध्यान विकास, समृद्धि र नागरिकलाई सुखी बनाउनेतर्फ केन्द्रित हुनुपर्दछ । निश्चय पनि देशको आर्थिक-सामाजिक क्षेत्रमा धेरै नै प्रगति भएका छन् । विकास निर्माणले गति लिएको छ । तर यो गति पर्याप्त छ त ? हामीले हरेक नागरिकको विकास र समृद्धिको आकांक्षा पूरा गर्न गरेको प्रयासले सार्थकता पाएको छ त ?' राष्ट्रपति भण्डारीले भन्नुभयो । अर्थतन्त्रमा देखिएका तत्कालीन, अल्पकालीन र दीर्घकालीन समस्याको



समाधान नखोजी गरिने कुनै पनि क्रियाकलाप सफल नहुने पनि उहाँले बताउनुभयो । अर्थतन्त्रका सूचकहरूमा पछिल्लो समय केही सकारात्मक सङ्केत देखापरेको भए तापनि यसको दिगोपनामा आश्वस्त भइहाल्ने अवस्था नरहेको पनि राष्ट्रपति भण्डारीले उल्लेख गर्नुभयो । बजारमा देखिएको तरलता अभावको समस्या, लगानीका लागि यथेष्ट स्रोत उपलब्ध हुन नसकेको र बाह्य कारणसमेतले गर्दा उत्पादन क्षेत्र कमजोर बन्दै गइरहेको उहाँको भनाइ छ । 'कमजोर आर्थिक वृद्धिदर, बढ्दो दरको मुद्रास्फीति र विकराल बन्दै गएको अन्तर्राष्ट्रिय व्यापार घाटाको स्थितिलाई सम्बोधन गर्ने प्रमुख पक्ष उत्पादन क्षेत्र कमजोर भएको प्रति हामी सबै गम्भीर बन्नुपर्दछ । हाम्रो अर्थतन्त्रको कतिपय समस्या बाह्य कारणबाट पनि सिर्जित भएका हुन् । तथापि अरुलाई कारण देखाएर अकर्मण्य बन्ने सुविधा हामीलाई छैन', राष्ट्रपति भण्डारीले भन्नुभयो ।

औपचारिक अर्थतन्त्रलाई बढावा दिन र संस्थागत गर्नेतर्फ वित्त नीति निर्देशित हुनुपर्ने सुझाव पनि राष्ट्रपति भण्डारीले दिनुभयो । सरकारको वित्त नीति र मौद्रिक नीतिबीचको सामञ्जस्यता कायम गरी एक अर्काको परिपूरकका रुपमा काम गर्नुपर्ने पनि उहाँको भनाइ छ । 'दुवै नीतिको कार्यान्वयनबाट आर्थिक क्रियाकलाप चलायमान बन्ने हो । यसमा उपयुक्त सामञ्जस्यता खोज्नुपर्दछ । विगत केही समयदेखि बजारमा देखिएको मौद्रिक तरलता संकुचनका कारण बैंङ्क तथा वित्तीय संस्थाको ब्याजदर बढेको छ । जुन समस्या हल गर्न तत्काल कदम चालिहाल्नु आवश्यक देखिएको छ', राष्ट्रपति भण्डारीले भन्नुभयो । नेपालको विकास खर्च न्यून हुने अवस्थालाई पनि उहाँले अर्थतन्त्रको समस्याको रुपमा इङ्गित गर्नुभयो । 'हामीकहाँ विगत केही वर्षदेखि विनियोजित बजेट पूर्णरूपमा खर्च भइरहेको छैन । त्यसमा पनि पूँजीगत खर्च विनियोजनको तुलनामा ८० प्रतिशत वा सोभन्दा कम मात्र भएको छ । गत आर्थिक वर्षमा त पूँजीगत खर्च ६० प्रतिशत पनि नाघ्न सकेन । एकातिर पूँजी निर्माणका लागि बजेट नै कम विनियोजन हुने र अर्कातिर भएको पूँजीगत बजेट पनि कम मात्र खर्च हुँदा पूँजी निर्माण कमजोर हुने मात्र नभई यसबाट विस्तार हुने अन्य आर्थिक क्रियाकलापमा सुस्तपना आई सरकारी राजस्वसमेत घटिरहेको अवस्था छ', राष्ट्रपति भण्डारीले भन्नुभयो । सरकारको राजस्वले लक्ष्य नभेटिनु र वैदेशिक सहायताको परिचालन पनि न्यून हुनुले खर्च धान्न आन्तरिक ऋणमा चाप पर्ने विषयलाई पनि सरकारले गम्भीररुपमा लिनुपर्ने उहाँको भनाइ छ ।

## वैकल्पिक राजनीति आवश्यक : डा भट्टराई

**रासस**
काठमाडौं, २७ माघ

नेपाल समाजवादी पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले अहिलेको अवस्थामा नेपालमा वैकल्पिक राजनीति आवश्यक रहेको बताउनुभएको छ । उहाँले इतिहासबाट सिक्दै र पुराना अनुभवलाई बटुल्दै नयाँ नेपाल बनाउनुपर्ने बताउनुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानमा सुरु भएको विवेकशील साझा पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन-२०७९ मा सम्बोधन गर्दै डा भट्टराईले सीमित जाति र परिवारले मात्र शासन जबसम्म गर्छन् भने त्यतिबेलासम्म देश विकास पनि नहुने तर्क गर्नुभयो । "जनताले न्याय पनि पाउँदैनन् । सबैका निम्ति लोकतन्त्र चाहिन्छ, अवश्यक छ ।" उहाँले भन्नुभयो, "जब १८७७ मा लखन थापाहरूले विद्रोह गरेर जब उनी शहीद बने ।

सन् १८७७ देखि २०१५ सम्म नेपाली जनताले आफ्नो संविधान आफैँ बनाए त्यसलाई म एउटा विन्दु मान्दछु । नेपाली जनताले लोकतन्त्रका निम्ति लडेको लडाइँ हो त्यो । नेपाली जनताले लोकतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षतालाई स्थापित गर्ने काम नेपालमा जब गरेको थियो, दोस्रो चरण त्यसलाई मानिन्छ ।"

डा भट्टराईले जनतालाई अधिकार सम्पन्न बनाएपछि जनताको सहभागिता राज्यमा र राज्यका साधनस्रोतमाथि भएपछि मात्रै विकास हुन्छ भन्ने मान्यताअनुसार हामी अहिले तेस्रो चरणमा रहेको बतउनुभयो । उहाँले त्यसकारण नयाँ पार्टी तथा युवा पुस्तालाई इतिहास नकार्ने र धिकार्ने होइन, पुराना पुस्ताबाट सिक्नुपर्ने बताउनुभयो ।

उहाँले संस्थागत र मजबुद बनाउने सही अर्थमा पछिल्लो लोकतन्त्रको अभ्यास गर्नुपर्ने बताउनुभयो । डा भट्टराईले समावेशी र सहभागितामूलक


बाँकी अन्तिम पृष्ठमा ▶▶


## साहित्यकार लक्ष्मण थापालाई नवनीतको सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ



साहित्यकार लक्ष्मण थापालाई नवनित साहित्य सागरले शुक्रबार आफ्नो नियमित काव्य वाचन तथा श्रवण कार्यक्रमका २३८ औं श्रृङ्खलामा सम्मान गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि प्राज्ञ वरिष्ठ साहित्यकार सरुभक्तले सम्मान पत्र, दोसल्लाले उनलाई सम्मान गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद लम्सालले अविर लगाएर सम्मान गरेका थिए । छोरेपाटन माविको सभाहलमा भएको कार्यक्रममा विभिन्न साहित्यिक संस्थाका अध्यक्ष, प्रतिनिधि, शिक्षक, विद्यार्थीहरुले पुष्पगुच्छा प्रदान गरी वधाई दिएका थिए । साहित्यकार थापा नवनीत साहित्य सागरका संस्थापक अध्यक्ष हुन ।

साथै सोही विद्यालयका पुर्व प्रधानाध्यापक हुन । शिक्षण पेशा संगै साहित्यको विकासमा उनले गरेको योगदानको उच्च मुल्याङ्कन गर्दै संस्थाले सम्मान गरेको हो । सो अवसरमा संस्थाका अध्यक्ष तथा विद्यालयका प्रधानाध्यापक डिल्लिराम शर्माको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मेघनाथ पौडेलले स्वागत र कार्यक्रम संचालन सचिव सीता बरालले गरेकी थिईन भने सम्मानित ब्यक्तिको परिचय लक्ष्मी देबकोटाले दिएकी थिईन ।

## मानवसेवा आश्रममा शुक्रबार सम्पन्न महायज्ञमा ६ करोड १५ लाख संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

मानवसेवा आश्रमको भवन निमार्ण गर्नको लागि पोखरा २५ स्थित मानव सेवा आश्रममा शुक्रबार सम्पन्न भएको महायज्ञबाट ६ करोड १५ लाख रुपैया संकलन भएको छ । यही माघ २० गतेदेखि संचालन भएको महायज्ञको अन्तिम दीन शुक्रबारसम्म उक्त रकम संकलन भएको मानवसेवा आश्रमका कोषाध्यक्ष एवं गण्डकीप्रदेश प्रमुख होमनाथ तिमिल्सिनाले बताए ।

महायज्ञको अन्तिम दीन शुक्रबार मात्र ६५ लाख संकलन भएको उनले जनाए । महायज्ञमा करिब ४ करोड जसो नगदै संकलन भए पनि बाँकी २ करोड १५ लाख आश्रममा भवन तथा कोठा एवं पछि दिने प्रतिबद्धत्ता जनाएको प्रमुख तिमिल्सिनाले जनाए । महायज्ञको अन्तिम दीनमा पोखराको सृजना विकास केन्द्रले १० लाख घोषणा गरेको छ । केन्द्रका अध्यक्ष कृष्ण थापा सहितको टोलीले आश्रममा दुई वटा कोठा निर्माणको लागि १० लाख बराबरको लगानी गर्ने भएको प्रमुख तिमिल्सिनाले बताए । उक्त महायज्ञमा अन्नपूर्ण गाउँपालिका, मादी गाउँपालिकाले समान रुपमा ५/५ लख रुपैया आर्थिक सहयोग गर्ने प्रतिवद्धत्ता व्यक्त गरेका छन्। त्यसै गरी पोखरा महानगरपालिका वडा नम्बर १७ ले ५ लाख, पोखरा वडा नम्बर ८ ले ३ लाख, पोखरा वडा नम्बर ७ ले २ लाख दिने उद्घोष गरेको प्रमुख तिमिल्सिनाले जनाए ।



आठ दीन चलेको महायज्ञमा करिब १५ हजार भक्तजनहरुले प्रत्यक्ष महायज्ञमा सहभागि भएको दाबी गरेका तिमिल्सिनाले महायज्ञमा ४ हजार जनाले दान गरेको दाबी गरे । आफुहरुले अपेक्षा गरे भन्दा बढी रकम संकलन भएकोले अबको एक बर्ष भित्र आश्रममा निर्माणको क्रममा रहेका भवनको निर्माण कार्य सम्पन्न हुने उनले जनाए ।

३ वटा ब्लकमा रहेका उक्त भवनमा जम्मा ६४ वटा रुम निर्माणको क्रममा रहेको तिमिल्सिनाले जनाए । उक्त भवन ६५ रोपनी क्षेत्रफल भएको क्षेत्रमा निर्माण हुन लागेको प्रमुख तिमिल्सिनाले हामीलाई बताए । महायज्ञको प्रमुख वाचकको भूमिकामा मानवसेवा आश्रमका अभिभावक एवं भागवत भाष्कर युवा पण्डित कमल नयन गौतम रहेका छन् । मकवानपुर हेटौंडामा २०६९ सालमा स्थापना भएको मानवसेवा आश्रमले २०७४ साल चैत्र १७ पोखरामा आफ्नो ९ औ शाखाको रुपमा सेवा विस्तार गरेको थियो । छोरेपाटन स्थित भाडाको घरबाट सेवा सुभारम्भ गरेको मानवसेवा आश्रलाई पोखरा २५ बाबियातारा हेम्जामा ६३ रोपनी जग्गाश्री लक्ष्मीनारायण सनातन संस्कार प्रतिष्ठानले उपलब्ध गराएपछि मानवता, परोपकार र सामाजिकसेवा अध्ययनको गन्तव्य कै रुपमा विकास गर्ने गरी मानवसेवा आश्रमले निर्माण कार्य अघि बढाएको थियो ।

दश करोड पचहत्तर लाख अनुमानित लागत रहेको मानवसेवा आश्रम पोखरा शाखाको पचास प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको छ ।


विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं ।

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
- सञ्चारमाध्यमबाट जारी विजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बीलबाट मात्र भक्तानी गरौं, गराऔं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# बिटी कपमा प्रिक्वाटर समिकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

पोखरामा जारी बुद्धटोल युवा क्लबद्वारा आयोजित १६ औं बिटी कप छैटौं विरेन स्मृति सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा प्रिक्वाटरको समिकरण पूरा भएको छ ।



पोखरा महानगरपालिका १ पुरानो टुडिखेल मैदानमा आज (शुक्रबार) भएको पहिलो खेलमा लामागाउँ एफसीले मण्डेला एफसीलाई ३ -० गोल अन्तरले पराजित गर्यो । लामागाउँको अनुज भण्डारी, सरोज तामाङ र विश्व थापाले समान १/१ गोलको योगदान दिए। यस्तै खेल संयोजक विनोद गुरुङका अनुसार दोस्रो खेलमा लेकसाइड एफसीले सिमपानी एफसीलाई २-१ गोल अन्तरले हरायो।

लेकसाइडका विवेक सन्तोषीले २ गोल गरे भने सिमपानीको तर्फबाट सगुन शर्माले सान्त्वना १ गोल फर्काए । तेस्रो खेलमा बुन एफसीलाई विष्णुपादुका क्लबले १-० गोल अन्तरले हराउँदै क्वाटरफाइनलमा प्रवेश गर्यो । विष्णुपादुकाको जितमा अनिल सुचिकारले निर्णायक गोल गरे । चौथो खेलमा मानारथा चर्चलाई सत्य युवा क्लबले १-० गोल अन्तरले पराजित गर्यो । सत्य युवा क्लबको जीतमा दिपेश गुरुङले निर्णायक गोल गरे। यस्तै पाँचौ खेलमा बेलीज् एफसीलाई एलजी एसोसियशनले १-० गोल अन्तरले पाखा लगायो एलजीको जितमा आशिष गुरुङले निर्णायक गोलको योगदान दिए । छैटौं खेलमा गन्नी एफसीले हरिचोक युनाइटेडलाई २-० गोल अन्तरले पराजित गर्यो। गन्नीको जितमा सन्दिप राना र लक्ष्य थापाले समान १/१ गोल गरे । सातौ खेलमा आयोजक बिटी ह्वाइटले एम फाइभलाई २-० गोल अन्तरले हरायो । आयोजकको जितमा संगम दर्जी र सुशान गुरुङले समान १/१ गोलको योगदान दिए । वी आर ब्रदर्श काठमाडौ र कमलपोखरीबीच भएको खेलको निर्धारित समय गोलरहित भएपछि ट्राइबेकरमा वी आर ब्रदर्शले ५-४ गोल अन्तरले जित निकाल्यो।

खेल संयोजक गुरुङका अनुसार प्रिक्वाटरको समकिरण पुरा भएको छ । शनिबार क्वाटरफाइनलका खेल हुनेछन् । भने सो खेलबाट म्यान अफ द म्याच प्रदान गरिने उनले जानकारी दिए। आगामी फागुन १ गतेसम्म सञ्चालन हुने सो प्रतियोगिताको विजेतालाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ६१ हजार १ सय ५१ रुपैया प्रदान गरिने क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए। उनका अनुसार उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख १ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछन्।

# पोखरा ९ का दलित महिलालाई साबुन वनाउने तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

वडा स्तरिय दलित संजाल पोखरा-९ ले आफ्नो वडामा रहेका दलित महिलाहरुलाई साबुन वनाउने तालिम दिएको छ।

तालिमको समापन गर्दै कार्यक्रमकी प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. ९ की वडा सदस्य गीता चम्रकारले तालिममा सिकेको सिपले महिला दिदीबहिनीहरु स्वरोजगार वन्नु पर्ने वताएकी थिइन् । कार्यक्रममा पोखरा महानगर न्यायिक समिति सदस्य तथा वडा सदस्य भावना श्रेष्ठ, वडा सदस्य लक्ष्मी पहारी, निवर्तमान वडा सदस्य राममाया मानन्धर लगाएतले शुभकामना मन्तव्य व्यक्त गर्दै सहभागीहरुलाई प्रमाण पत्र वितरण गरेका थिए।



१० दिनसम्म संचालन रहेको तालिममा २३ जनाको सहभागिता रहेको थियो भने पोखरा औद्योगिक क्षेत्रमा रहेको गण्डकी साबुन उद्योगका संचालक हरि विश्वकर्माले प्रशिक्षण दिएका थिए । तालिममा कपडा र भाडा माझ्ने साबुन, फिनेल, हर्पिक वनाउने तालिम दिईएको थियो । प्रशिक्षार्थीहरु सिम्रन सुनाम र एलिना परियारले तालिमबाट धैरै कुरा सिकेको वताउँदै आफुहरुले मिलेर साबुन उद्योग संचालन गर्ने विषयमा छलफल गर्ने वताएका थिए । संजालका अध्यक्ष रामबहादुर वयलकोटीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सदस्य जानकी परियार र संचालन सचिव सपना विकले गरेकी थिइन।

# लायन्स क्लबस् अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ के को वार्षिक कन्भेन्सन पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

लायन्स क्लब्स् अन्तराष्ट्रिय डिस्ट्रिक्ट ३२५ के को पहिलो वार्षिक डिष्ट्रिक कन्भेन्सन आगामी चैत ४ गते पर्यटकीय नगरी पोखरामा हुने भएको छ । कन्भेन्सनको तयारीस्वरुप आज पोखराको न्युरोडमा सचिवालय स्थापना गरिएको छ।



सचिवालयको उद्घाटन गर्दै डिष्ट्रिक्ट गर्भनर लायन राजेन्द्रकुमार वाटाजुले कन्भेन्सनमा काठमाडौ, पोखरा र धौलागिरी क्षेत्रका एक हजार ५०० भन्दा बढी लायन्सको सहभागिता रहने जानकारी दिनुभयो । पूर्व मल्टिपल काउन्सिल चियर पर्सन दिपक श्रेष्ठले कन्भेन्सनमा सक्रिय सहभागिताका लागी अनुरोध गर्नुभयो । कन्भेन्सनका लागि डिस्ट्रिक्टले समन्वय गरिरहेको बताउँदै डिष्ट्रिक्ट क्याविनेट सेक्रेटरी मिनराज काफ्लेले यसलाई भव्य रुपमा सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रमले देशभरका लायन्सबीच फेलोशीप बढाउने बताउँदै डिष्ट्रिक्ट क्याविनेट ट्रेजरर मदनकुमार मुल्मीले यसबाट पोखका क्षेत्रकै पर्यटन प्रवर्द्धनमा समेत थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कन्भेन्सनमा डिस्ट्रिक्ट ३२५ के नेपालले हालसम्म गरेका कार्यहरूको जानकारी गराउने र भावी नेतृत्व चयन गरिने जनाइएको छ । कन्भेन्सनलाई भव्य र सभ्य बनाउन पोखराका सात वटा लायन्स क्लबहरू संगम, आगन, भैरव, समृदी, माउन्टेन भ्यु सिटी, ग्यालेक्सी र डाईनामिक आयोजक भएर विभिन्न उपसमिति वनाई तयारीमा जुटिरहेको कन्भेन्सनका कन्भेनर टिकाराम सापकोटाले जानकारी दिनुभयो।

को कन्भेनर श्यामकृष्ण श्रेष्ठले कन्भेन्सन सफल बन्ने विश्वास व्यक्त गर्नुभयो। लायनवर्ष २०२२ -२०२३ मा डिस्ट्रिक्ट ३२५ के नेपालले सर्भिस फेलोशीप र लिडरशीपका विभिन्न कार्यक्रम सञ्चालन गर्दै लायन सदस्यहरूलाइ क्रियाशिल बनाएर नेपालका अन्य डिस्ट्रिक्टको तुलनामा अग्रणी र सक्रिय भूमिका निर्वाह गर्दै आएको छ।

# 'तथ्याङ्क सहि नहुँदा सरकारी सेवाबाट बन्चित भयौँ'

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको सवालमा राज्य गम्भीर नहुँदा समस्या समाधान नभएको सरोकारवालाहरूले बताएका छन।

नीलहिरा समाजले पोखरामा शुक्रबार आयोजना गरेको प्रदेश सरकारसँग नीतिगत संवाद अन्तरक्रिया कार्यक्रममा सरकारबाट समान व्यवहार तथा पहिचान पाउन नसकिएको बताएका हुन् । यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको सहि तथ्यांक नहुँदा आरक्षणको अधिकार, राष्ट्रिय बजेट विनियोजनदेखि शिक्षा, स्वास्थ्य र रोजगारीको अवसरमा समेटिन नसकेको समाजका कार्यकारी निर्देशक मनिषा ढकालको भनाइ छ । 'अल्पसंख्यक समुदायमा सुचिकृत हुन सकेमा धैरै सेवा सुविधा प्राप्त गर्न सकिन्थ्यो, उनले भनिन्, गाँस बासकै लागि संर्घष गर्नुपरेको छ, तर अबको संविधानको विचार र मुद्दा फराकिलो हुनुका साथै सामाज पनि परिवर्तन हुन्छ भन्नेमा विश्वश्त छु।' यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको उपस्थिति नै कमजोर भएको र समाजले सहजै स्वीकार्ने अवस्था नरहेको ढकालले बताइन् ।




संविधान बनेको ८ वर्षभन्दा बढी भइसक्दा पनि यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको मुद्दामा राजनीतिक दलहरू सधैँ अनुदार देखिएको उनको गुनासो छ । समाजका अध्यक्ष भूमिका श्रेष्ठले २०७८ को गणनामा यौनिक तथा लैंगिक अल्पसंख्यकको तथ्यांक बढ्ने बताउँछिन् । जनगणना फाराममा लिंगको छनोट गर्दा पुरुष र महिला मात्र होइन अन्य पनि उल्लेख गरिएको थियो,' उनले भनिन् 'जागरण र चेतनाका हिसाबले हामी १० वर्षअघिको स्थितिबाट धैरै अघि बढिसकेका छौं,' आफ्नो पहिचानका बारेमा खुलेर बोल्न सक्ने अवस्था छ जसले सहि तथ्यांक आउने छ।'

महिला मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष केशु भुजेलले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका पहुँच स्थानीय तहबाटै भएमा मात्र केन्द्रिय तहमा पुग्न सहज हुने औंल्याएकी थिइन्।

यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मुद्दाका बारेमा सोच्नै पर्ने बेला भएको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी अर्न्तगतको सामाजिक विकास महाशाखाका अधिकृत देवी शर्माले उल्लेख गरिन्।

नयाँ कार्ययोजनामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका समस्या र आवश्यकता समावेश गर्ने शर्माले प्रतिबद्धता जनाइन् । कानुनका कमिकमजोरीलाई सुधार गर्न आवश्यक रहेको नीति तथा योजना आयोग गण्डकीका प्रतिनिधि रामप्रसाद वाग्लेले बताए । व्यक्तिगत तथा संस्थागत सहयोग गर्न सधै तत्पर रहने तथा कानुन सच्याउन समेत पहल गर्ने बताए।

## वैकल्पिक...

लोकतन्त्रलाई सही ढङ्गले प्रयोग गर्नुपर्ने प्रणाली लागू गर्न सबै लागिपर्न आवश्यक रहेको बताउनुभयो।

नेकपा (एकीकृत समाजवादी) पार्टी सचिवालय सदस्य घनश्याम भुसालले राजनीतिमा कुनै नेता र पार्टी बदनाम भएमा अर्थतन्त्र त्यहा आइपुग्ने खालका समस्याले दुःख दिएको बताउनुभयो । उहाँले मुलुकको अर्थतन्त्र उद्यम नभएका पूँजीपतिहरूले नेतृत्व गरेका कारण आफू अनुकूलको चाहँदा देश गलत बाटोमा जाने भन्दै राजनीति र अर्थतन्त्र एक ठाउँमा आएपछि नेपालको जस्तो लोकतन्त्रलाई कमजोर बनाउने बताउनुभयो।

नेपाल सुशासन पार्टीका अध्यक्ष रमेश खरेलले देशलाई माया गर्ने पाँच प्रतिशत जनता एक ठाउँमा बसेर नयाँ ढङ्गबाट देशलाई अगाडि बढाउनुपर्ने बताउनुभयो । उहाँले आफू राजनीतिभन्दा पनि समाजसेवा गर्न अघि बढेको भन्दै मौका नपाएर इमान्दार बन्नेहरूको ख्याल गर्दै समय र युवा पुस्ताअनुसार हामी परिवर्तन हुनुपर्ने बताउनुभयो।

# वामपन्थी पार्टीबीच एकताबारे छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २७ माघ

विभिन्न वामपन्थी राजनीतिक पार्टीबीच एकताबारे छलफल भएको छ।

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा), विश्वभक्त दुलाल 'आहूती' नेतृत्वको वैज्ञानिक समाजवादी पार्टी, ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी र कर्णजित बुढाथोकी नेतृत्वको नेकपा माओवादी समाजवादीका नेताबीच शुक्रबार पार्टी एकताको विषयमा छलफल भएको हो । विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय कार्यालय बुद्धनगरमा शुक्रबार बसेको बैठकपछि जारी विज्ञप्तीमा भनिएको छ, 'पार्टी एकता, संयुक्त, मोर्चा र कार्यगत एकताको ठोस कार्यक्रम विकास गरी सार्वजनिक गर्न आगामी फागुन १५ गते चार पार्टीको वैठक बस्ने निर्णय लिइएको छ ।' सो वैठकले नेपालको क्रान्तिकारी कम्युनिष्ट आन्दोलन र देशको सङ्कटपूर्ण अवस्थालाई दृष्टिगत गरी चार पार्टीबीचमा पार्टी एकता एवम् क्रान्तिकारी ध्रुविकरणको निम्ति बहस, छलफल आरम्भ गर्ने, संयुक्त मोर्चालाई थप व्यवस्थित गर्ने निर्णयसमेत गरेको छ।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पोखरा-३० का आदिवासी जनजातिलाई कानूनी सचेतना अभिमुखीकरण

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

पोखरा महानगरपालिका वडा नं. ३० को कार्यालयले वडाका आदिवासी जनजातिका लागि एक दिने कानूनी सचेतनासम्बन्धी अभिमुखीकरण सम्पन्न गरेको छ ।



शुक्रबार आयोजित कार्यक्रममा आदिवासी जनजाति आन्दोलन र अधिकार, आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धी महासन्धि नं. १६९ बारे प्रशिक्षण दिइएको थियो । त्यसैगरी, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, आदिवासी जनजाति आयोग ऐन तथा मानवअधिकार र देवानी संहिताबारे समेत जानकारी गराइएको थियो । सो अवसरमा नेपाल बार एशोसिएसनका पूर्व उपाध्यक्ष वरिष्ठ अधिवक्ता सुरेन्द्र थापामगर, अधिवक्ता कृष्णकुमार श्रेष्ठ, अधिवक्ता माधवी पाण्डे र नेपाल आदिवासी जनजाति महासंघ, गण्डकी प्रदेश समन्वय परिषद्का मुख्य सचिव सुजनकुमार लामाले सहजीकरण गर्नुभएको थियो ।

अभिमुखीकरण कार्यक्रमको शुभारम्भ गर्दै पोखरा महानगरपालिका वडा नं. ३० का वडाध्यक्ष दुर्गाप्रसाद सुवेदीले यस कार्यक्रमले वडाका आदिवासी जनजातिलाई सचेत र संगठित गर्न सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

त्यस्तै, पोखरा महानगरपालिकाकी कार्यपालिका सदस्य एवं कार्यक्रम संयोजक भीमकुमारी पुनले प्रथम र द्वितीय विश्वयुद्धमा समेत अद्वितीय बहादुरी प्रदर्शन गरेका आदिवासी जनजाति समुदायले अब नेपालको राजनीति र प्रशासनमा समेत सहभागिता वृद्धि गर्नुपर्ने बेला आएको बताउनुभयो । कार्यक्रममा वडा सदस्य विनोद लामिछानेले पनि बोल्नुभएको थियो ।

# मन रमाउने चौतारी बन्दै मिलन केन्द्र

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ



शहरीया जीवन निकै व्यस्त छ, पछिल्लो पुस्ताका मानिस आ-आफ्नै काममा व्यस्त छन् । ज्येष्ठ नागरिकको जीवन भने दिनप्रतिदिन एक्लिँदो छ । तिनै ज्येष्ठ नागरिकलाई भेला पारी मन बिसाउने ठाउँ बनेको छ, पोखराको विन्ध्यवासिनी मन्दिर स्थित ज्येष्ठ नागरिक मिलन केन्द्र ।

सत्तरी वर्ष उमेरमाथिका ज्येष्ठ नागरिकलाई छ वर्षयता भेला पारी आफूजस्तै दौतरीसँग रमाइलो, आफ्ना बाल्यकाल र युवाअवस्थाका दुःखसुखका कुरा आदानप्रदान गर्ने साझा चौतारीका रूपमा विकास भएको छ ज्येष्ठ नागरिक मिलन केन्द्र ।

उमेर ढल्किँदै जाँदा घरमा एक्लो महसुस हुने र आफूजस्तै उमेर समूहका सँग अन्तरङ्ग कुराकानी गर्दा मन रमाउने भएर पनि ज्येष्ठ नागरिक मिलन केन्द्रमा वृद्धवृद्धाको संख्या बढेको छ । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले छ वर्षदेखि सञ्चालनमा ल्याएको उक्त केन्द्रमा दिनहुँ एक सयको संख्यामा उपस्थित हुने गर्छन् ।

विन्ध्यवासिनी ज्येष्ठ नागरिक मिलन केन्द्र पोखरामा दिनप्रतिदिन रमाउन जानेको संख्या बढिरहेको छ । सुरुमा ५० जना उपस्थित हुने मिलन केन्द्रमा अहिले दैनिक एक सयभन्दा बढी जम्मा हुने गरेको विन्ध्यवासिनी धार्मिक क्षेत्रविकास समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिनुभयो ।

विन्ध्यवासिनी मन्दिर वरपर क्षेत्रका वृद्धवृद्धा केन्द्रमा उपस्थित हुन्छन् । उनीहरूलाई रमाइलो गराउन भजनचुड्का तथा नाचगान गराइनुका साथै हप्ताको दुई दिन गीता पाठ, श्रीमद्भागवतको कथा वाचन गराइन्छ । साथै विभिन्न धार्मिक विषयमा प्रवचन दिने गरिएको जानकारी सचिव श्रेष्ठले दिनुभयो । गीता पाठ गर्दै वृद्धवृद्धाको मन खुसी पार्दै गर्नुभएका पूर्वप्राध्यापक आनन्दराज पराजुलीले ज्येष्ठ नागरिकलाई खुसी पार्दा आयु बढ्ने मात्र हैन, उनीहरूको मनसमेत प्रफुल्ल पार्न सकिने भनाइ राख्नुहुन्छ ।

त्यति मात्र हैन उनीहरूका लागि दिउँसोको खाजा व्यवस्था विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले गरिदिएको छ, । वृद्धवृद्धाको जन्मदिनसमेत मनाइदिने गरिएको छ।दिवासेवाअन्तरगतसञ्चालित मिलनकेन्द्रमा आवश्यक पर्ने खाजा तथा जन्मदिन मनाउनका लागि आवश्यक पर्ने सम्पूर्ण खर्चको व्यवस्था विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले व्यहोर्दै आएको समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठले जानकारी दिनुभयो । मिलन केन्द्रमा पुगुभएका ७६ वर्षीय ज्येष्ठ नागरिक पानप्रसाद आचार्यले घरमा मात्र बसिरहनुभन्दा केन्द्रमा आउँदा धार्मिक ज्ञान र आफ्ना दौँतरिसँग भेटघाट हुने र मनका कुरा साटासाट गर्न पाइने बताउनहुन्छ । भजन र धार्मिक प्रवचनले जीवनका पीडा सबै भुल्ने गरेको भनाइ आचार्यको छ । आचार्यले भन्नुभयो, 'म मात्र हैन श्रीमती पनि केन्द्रमा आउने गरेकी छन् ।'

विन्ध्यवासिनी मात्र हैन पोखराको लामाचौर, पर्स्याङ, छोरेपाटन, नयाँबजारलगायतका ठाउँमा ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालनमा छन् । पोखराका केही वडा कार्यालय समेतले ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरी सहयोग गर्दै आएका छन् । गरिब असहायका लागि भने वृद्धाश्रमसमेत खुलेका छन् । यस्ता मिलनकेन्द्रमा राज्यको खासै लागानी भने देखिएको छैन । यो मिलन केन्द्र मन्दिरको आम्दानीबाट चलेको छ । एक्लो जीवनले वृद्धावृद्धामा पारेको नकारात्मक प्रभाव घटाउन मिलन केन्द्र राम्रो विकल्प बनेको छ ।

# तनहुँमा वार्षिक १७ लाख लिटर दूध बिक्री

पोखरापत्र संवाददाता
तनहुँ, २७ माघ

जिल्ला दुग्ध उत्पादक सहकारी संघ तनहुँले वार्षिक १७ लाख लिटर दूध बिक्री गर्ने गरेको छ । व्यास नगरपालिका-११ रानीगाउँस्थित कार्यालय रहेको संघले शुक्रबार पत्रकार सम्मेलन गरी सो जानकारी गराएको हो ।

संघले यसबाट दुग्ध उत्पादक कृषकलाई वर्षिक रु १० करोड प्रदान गर्ने गरेको छ । संङ्का अनुसार एक हजार एक सय ५४ कृषक दुग्ध उत्पादक संघमा आबद्ध छन् । कृषकले उत्पादन गरेको दूध बिक्री हुँदा रु चौध करोड बराबरको आर्थिक कारोबार भएको संघका व्यवस्थापक राजु भुजेलले जानकारी दिनुभयो । रु १० करोड कृषकको हातमा फर्काउन सफल भई संघले रु ३८ लाख मुनाफा गर्न सफल भएको उहाँले बताउनुभयो । दुई वर्षअघि दैनिक चौध हजार लिटर दूध संकलन गर्दै आएको उक्त संघले अहिले चार हजार पाँच सय लिटर दूध संकलन गर्दै आएको छ । कोभिड र महँगो दाना चोकरका कारण कतिपय व्यावसायिक फार्म बन्द भइसकेको जिल्ला दुग्ध उत्पादक सहकारी संघ तनहुँका अध्यक्ष अम्मरबहादुर कुँवरले जानकारी दिनुभयो । केही व्यावसायिक कृषकले पनि संख्या घटाएर गाईभैंसी पाल्ने गरेका कारण दूध उत्पादन ह्वात्तै घटेको उहाँले बताउनुभयो ।

दुग्ध उत्पादक कृषकको लागत प्रतिलिटर रु ८१ रहेको छ भने दूधको गुणस्तरको आधारमा प्रतिलिटर रु ६८ सम्म सहकारीले दिनेछ । उहाँले भन्नुभयो, 'लागत बढी पर्न गएपछि कृषकले बाध्य भएर व्यवसाय छाड्ने अवस्थामा पुगेका छन् ।' नेपाल सरकारसँग पटकपटक कृषक मारमा परेकाले दूधको उचित मूल्य वृद्धि गर्न आग्रह गरे पनि बेवास्ता गर्दै आएकाले कृषक निराश हुने अवस्थामा पुगेको अध्यक्ष कुँवरले जानकारी दिनुभयो ।

कृषकको माग सुनुवाइ नभए फागुन १ गतेदेखि दुग्ध उत्पादक सहकारी संघले केन्द्रिय समितिसँग समन्वय गरी स्वघोषित आन्दोलन गर्ने योजना बनाएको उहाँले बताउनुभयो । व्यास-१० का पूर्ववडाध्यक्ष तुलसीराम सापकोटाले दूरदराजमा बसेर कृषकले उत्पादन गरेको दूधलाई सहकारी संघले सङ्कलन गरी मिल्क होलिडेको समस्या समाधान गरेको बताउनुभयो । राज्यले कृषकलाई लागत उत्पादन घटाउने किसिमका कार्यक्रम ल्याएर प्रोत्साहन गर्न नसके विस्थापित हुनुपर्ने अवस्था आउन सक्ने खतरा रहेको उहाँको भनाइ थियो ।

# बन्दीपुरमा 'रैथाने बाली र मकै प्रवर्द्धन' कार्यक्रम

पोखरापत्र संवाददाता
तनहुँ, २७ माघ

बन्दीपुर गाउँपालिकाले रैथाने बाली र मकै प्रवर्द्धन कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ ।

रैथाने बालीको संरक्षण तथा मकै प्रवर्द्धनका लागि कृषकलाई प्रोत्साहन गर्न गाउँपालिकाले यस किसिमको कार्यक्रम ल्याएको हो । आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारको सशर्त अनुदानअन्तर्गत वार्षिक स्वीकृत कार्यक्रमअनुसार कृषकसँग आवेदन माग गरेको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । उहाँका अनुसार रैथाने बालीका लागि रु १० लाख र मकै प्रवर्द्धनका लागि रु २० लाख २० हजार गरी कूल रु ३० लाख २० हजार बजेट विनियोजन गरिएको छ ।

गाउँपालिकाभित्र कृषि व्यवसाय एवं सहकारीसम्बन्धी कृषक समूह, कृषि सहकारी संस्था, उद्यमी कृषकलाई आह्वान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नन्दलाल शर्माले जानकारी दिनुभयो ।

कार्यालयमा आवेदन दिँदा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, निजी फर्मका लागि गत आवसम्म कर बुझाएको प्रमाण, जग्गाको क्षेत्रफल संयुक्त वा हकभोग खुल्ने प्रमाण, प्रतिबद्धता पत्र र आयोजनामा सहभागीका लागि समूह सहकारीको निर्णय पेस गर्नुपर्ने व्यवस्था रहेको छ । रैथाने बाली र मकै प्रवर्द्धनका लागि प्रतिब्लक एक सय रोपनी क्षेत्रफल हुनुपर्ने प्रावधान रहेको छ । उहाँले भन्नुभयो, "यस कार्यक्रमले उत्पादनमा वृद्धि हुनाका साथै बाली संरक्षणमा सहयोग पुग्ने विश्वास गरिएको छ ।" रैथाने बालीमा विभिन्न रोग र कीरा तथा प्रतिकूल मौसम सुक्खा, खडेरी, अनावृष्टि तथा अतिवृष्टि सहन सक्ने विशेषता बोकेका हुन्छन् ।

जुन गुणहरू बाली प्रजनन तथा सुधारका लागि महत्वपूर्ण मानिन्छन् । यसका साथै, देशका विकट भेगमा खाद्य तथा पोषण सुरक्षाका लागि वरदान साबित मानिन्छन् ।

रैथाने बाली कुनै ठाउँ विशेषको स्थानीय हावापानीमा पाइन्छ । नेपालका प्रमुख रैथाने बालीमा छिर्केमिर्के सिमी, मार्सीधान, पोखरेली जेठो बुढो, घैयाधान, जोरायल बासमती, दर्माली, गुड्रा, गौरियालगायत पर्छन् ।

जिल्लामा मुख्य गरी कोदो, मकै फापर, चिनो, भागो, नेपाले भट्ट, सेतो भट्ट, घैयाधान, तीतेफापर कागुनो, गहुँ, उवा, जौ, लट्टेजस्ता रैथाने बालीका रूपमा लिइन्छ ।

# पाल्लेखर्कमा खेलमैदान निर्माण

पोखरापत्र संवाददाता
बेनी, २७ माघ

म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ कुइनेमङ्गलेको दुर्गम बस्ती पाल्लेखर्कमा खेलमैदान निर्माण भएको छ ।

स्थानीय सप्तऋषि युवा क्लबले रघुगङ्गा गाउँपालिकाको सहयोगमा खेलमैदान निर्माण गरेको हो ।

चालु आर्थिक वर्ष २०७९/८० मा रघुगङ्गाले विनियोजन गरेको रु १० लाख बजेटमा जनश्रमदानसमेत जुटाएर भलिबल र बास्केटबलको कोर्ट ढलान गरी खेलमैदान निर्माण गरिएको उपभोक्ता समितिका अध्यक्ष अङ्कित पुनमगरले जानकारी दिनुभयो । "पहिले कच्ची खेलमैदान थियो, यस पटक मैदानलाई ढलान गरी तयार गरेका हौँ, अब भलिबल र बास्केटबल खेल्न सहज भएको छ", पुनले भन्नुभयो ।

खेलमैदान तयार भएपछि अभ्यास गर्न सहज भएको सप्तऋषि युवा क्लबका अध्यक्ष विवश फगामीले बताउनुभयो । "बालबालिकादेखि युवामा रहेको खेलप्रतिभाको विकास गराउन सहज भएका छ", उहाँले भन्नुभयो ।

तीस परिवारको बसोबास रहेको पाल्लेखर्कमा निर्माण गरिएको खेलमैदानलाईनजिकैको जनसुन्दर आधारभूत विद्यालयले समेत प्रयोग गर्नसक्ने क्लबले जनाएको छ । खेलमैदानमा घेरबारसमेत गरिएको छ। खेलकुद प्रतियोगिता र स्थानीयस्तरमा मेला सञ्चालनका लागि स्टेज निर्माण गर्ने तयारी छ ।

# राष्ट्र बैंकले घटायो 'ओभरनाइट' तरलता सुविधा

रासस
काठमाडौं, २७ माघ

नेपाल राष्ट्र बैंकले 'ओभरनाइट' तरलता सुविधा घटाएको छ ।

यसअघि बैंकहरूले आठ प्रतिशतको ब्याजदरमा पाउँदै आएको ओभरनाइट तरलता सुविधा घटाउँदै सात प्रतिशत बनाएको चालू आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा उल्लेख छ । "बैंक तथा वित्तीय संस्थालाई ८ दशमलव ५ प्रतिशतको बैंक दरमा यस बैंकले उपलब्ध गराउँदै आएको दैनिक तरलता सुविधाअन्तर्गतको ओभरनाइट तरलता सुविधा सात प्रतिशतको नीतिगत दरमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ", समीक्षामा भनिएको छ ।

त्यसैगरी मौद्रिक नीतिको समीक्षामा 'सजगतापूर्वक कसिलो नीतिगत कार्यदिशा लिइएका कारण शोधनान्तर स्थितिमा क्रमशः सुधार आउन गई २०७९ असोजदेखि बचतमा रहन थालेको छ, उपभोक्ता मूल्य वृद्धिदरमा पनि केही कमी आउन थालेको छ, तथापि, केही वस्तुको आयातमा लगाइएको प्रतिबन्ध र प्रतीतपत्र खोल्दा राख्नुपर्ने नगद मार्जिनसम्बन्धी व्यवस्था पूर्ण रुपले हटाइएको सन्दर्भमा आयात पुनः बढ्न गई बाह्य क्षेत्रमा दबाब पर्न सक्ने सम्भावना रहनाका साथै औसत मुद्रास्फीति अझै पनि लक्ष्यभन्दा माथि रहेकाले चालू वर्षको मौद्रिक नीतिमा लिइएको कार्यदिशालाई यथावत् राखिएको छ' उल्लेख छ ।

# बन्दछ सुन्दर नेपाल



वामनप्रसाद ढेवाजू
गौडाकोमुख-१३

बन्दछ सुन्दर नेपाल
हामी नेपाली मिलेर बनाए ।
बिदेशी सहयोगको भरमा
बन्न सकेन सुन्दर नेपाल ।
बनाउनु पर्छ यो देश नेपाल
हामी नेपाली मिलेर ।
ईमान्दार बनौ सबै नेपाली
यो देश बिकाश गर्न लाई ।
भाषणमा होइन हामीले
काम गरेर देखाउनु पर्दछ ।
विदेशी रिन र विदेशी सहयोगले
यो देशको विकाश भएन ।
सपना देखाए नेताले ठुला ठुला
काम गरि देखाउन सकेन ।
भाषण मात्र गर्छन् नेताले राम्रा
बिकाश गर्न, कहिल्यै सकेन ।
बुद्धको देश नेपाललाई
सगरमाथा को देश नेपाललाई
विश्वलाई चिनाउन सकेनौ ।
हिमाल पहाड तराई सुन्दर
उपयोग गर्न नै सकेनौ ।
बन्दछ नेपाल सुन्दर नेपाल
हामी नेपाली मिलेर बनाए ।
उठ्नु छ हामी नेपाली
यो देश, नेपाल बनाउन
यो देश, नेपाल बनाउन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## कम्पनीको नाम परिवर्तन सम्वन्धी सूचना

कम्पनीको मिति २०७९/१/१८ मा सम्पन्न विशेष साधारण सभा तथा मिति २०७९/१/२७ गतेको कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय अनुसार यस फेवा फर्टिलिटी टेष्टट्युव बेवि सेण्टर (Fewa Fertility Testtube Baby Centre) प्रा.लि. नं. २८९३८४/०७८/०७९ को नाम परिवर्तन गरी फेवा फर्टिलिटि सेण्टर (Fewa Fertility Centre) हुने निर्णय भएको हुँदा यस साविक कम्पनीको नाममा रहेको चल, अचल सम्पत्तिहरु तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्वहरु परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

फेवा फर्टिलिटि सेण्टर प्रा. लि., पोखरा-८

# विदेशको कमाई स्वदेशमा लगानी गर्दा ...

–खेमराज गौतम
बागलुङ, २७ माघ (रासस)

बागलुङ नगरपालिका-३ खहरेस्थित सिमलचौरका खड्क केसीलाई जापानको राम्रो कमाई र व्यवसाय छोडेर गाउँको माटोले तान्यो । १२ वर्षको विदेश बसाइलाई बिट मारेर गाउँ फर्कनुभएका उहाँले स्वदेशको आफ्नै माटोमा केही गर्ने लक्ष्यका साथ कृषिसँगै 'एग्रो रिसोर्ट'मा लगानी गर्नुभएको छ।

९ वर्ष अघिदेखि सञ्चालनमा ल्याएको पशुपालनलाई उहाँले हालै रिसोर्टमा परिमार्जन गर्दै लगानी विस्तार गर्नुभएको छ । उहाँले माछा, मासु, अण्डा, दूध र तरकारीको उत्पादनलाई आफूले स्थापना गरेको आफूले स्थापना गरेको 'सिमलचौर एग्रो रिसोर्ट'मा खपत गर्ने लक्ष्यका साथ लगानी विस्तार गर्नुभएको छ।

सबै युवाहरू विदेश बसेर नहुने जनाउँदै विदेशमा आर्जन गरेको कमाईले आफ्नै जन्मथलोमा आएर लगानी गरेको व्यवसायी केसीले बताउनुभयो । ४९ वर्षीय केसीले आफ्नो आम्दानीलाई सो रिसोर्टमा लगानी गर्नुभएको छ । पाँच रोपनी जग्गाबाट सुरु गर्नुभएको एग्रो रिसोर्ट अहिले ३० रोपनी जग्गामा फैलिएको उहाँको भनाइ छ । "जापानमा राम्रो कमाई थियो, तर आफू जन्मेको माटोमा केही गर्नुपर्दछ भन्ने सोचका साथ नेपाल आउँदासाथ सुरुमै पशुपालनमा लागे, कहिले काठमाडौँ बस्दै आए भने कहिले यही कृषि फार्ममा, पशुपालन राम्रै चलेको थियो, पछि पशुपालनलाई सामूहिक बनाउँदा समस्या आयो, पछि आफैँले मात्रै चलाउन थालेँ", उहाँले भन्नुभयो, "तीन वर्षदेखि लगानी थप्दै फार्ममा कुखुरा, माछा, अण्डासहित तरकारीसमेत उत्पादन गर्दै आफ्नै रिसोर्टमा खपत गर्ने उद्देश्यले लागनी विस्तार गर्दै आए ।" व्यवसायी केसीले पशु फार्मदेखि एग्रो रिसोर्टसम्म चार करोड लगानी गरिसक्नुभएको छ । उहाँले हालसम्म आर्जन भएको फार्मको रकमले थप लगानी गर्न नपुगेपछि अहिले रिसोर्टका लागि पुनः लगानी थपेर चार करोड बढी पुऱ्याएको बताउँदै आगमी पाँच वर्षपछि मात्रै नाफा कमाउने उद्देश्यले सङ्घर्ष गरिरहेको जानकारी दिनुभयो । उहाँले कृषि पर्यटनमा नेपालमा राम्रो सम्भावना देखिएको बताउँदै रिसोर्टसम्म पक्की सडक आएकाले आफ्नो रिसोर्ट चल्नेमा ढुक्क भएको जानकारी दिनुभयो । उहाँको सिमलचौर एग्रो रिसोर्टमा दूधका लागि गाई भैँसी, माछा, लोकल प्रजातिको कुखुरा, अण्डा र विभिन्न प्रकारका तरकारी उत्पादन गर्दै आएको छ । रिसोर्टमा उत्पादन भएका कृषि उपजलाई रिसोर्टमै खपत गर्नेगरी एग्रो रिसोर्टको अवधारणा ल्याउनुभएको उहाँले राज्यले कृषकलाई फाइदा पुग्ने नीतिको विकास गर्न आवश्यक रहेको बताउनुभयो । "बाहिरबाट उपभोग्य सामग्री ल्याएर एग्रो रिसोर्ट चल्दैन, आफ्नै उत्पादन र अर्ग्यानिक खानाका परिकार यहाँको मुख्य आकर्षण हो, अब त मध्यपहाडी लोकमार्ग खहरेसम्म कालोपत्र भयो, तल्लो बाटोसमेत सुधार भइसक्यो, बजारबाट चार किलोमिटरमै आउन सकिन्छ हाम्रो रिसोर्टमा", उहाँले भन्नुभयो, "नेपालमा सम्भावना नभएको हैन तर लगानी सुनिश्चितताको वातावरण छैन, जोखिम मोलेर लगानी गर्न आवश्यक छ, जापानमा गरेको दुःखले धैर्यता सिकाएको छ, आगमी चार पाँच वर्षपछि प्रतिफल आउला भन्नेमा छु, रिसोर्टमा अहिले पाहुनाहरू आउन थालेका छन् ।" अहिले बजार खस्केकाले दैनिक चार हजार अण्डा उत्पादन गर्दै आएकामा अहिले अण्डा उत्पादनलाई घटाएको बताउनुभयो । अहिले रिसोर्टमा एकै रातमा २५ जनासम्म बस्न मिल्ने गरी कोठा बनाइएको छ । यस्तै रेष्टुराँ, बार, तालिम हल र कटेज लगायतका थुप्रै पूर्वाधारहरू निर्माण भइसकेका छन् । परिवारसहित जापानमा व्यवसाय गर्नुभएका केसीलाई गाउँको मायाले फर्काएको हो । मध्यपहाडी पुष्पलाल लोकमार्ग नजिकै कृषि फार्म र रिसोर्ट सञ्चालनमा ल्याएकाले राजमार्गमा यात्रा गर्ने पर्यटकहरूसमेत यहाँ आउन सक्नेछन् । सानैदेखि गाउँमा नै केही गर्नुपर्छ भन्ने सोच भए पनि लगानी अभावमा जापान पुग्नुभएका केसीलाई अहिले एग्रो रिसोर्टले भुलाएको छ । अहिले आफूले रिसोर्ट खोल्दा निकै आनन्द र सन्तुष्टि मिलेको बताउनुभयो । नौ वर्षपहिले विदेशबाट फर्किएपछि ५० लाखको लगानीबाट सुरु गरेको पशुपालनलाई अहिले चार करोड बढी लागतमा एग्रो रिसोर्टमा रुपान्तरण गरेको उहाँको भनाइ छ । रिसोर्टमा मौलिक र अर्ग्यानिक स्वाद लिन सकिने गरी कृषि उपभोग्य वस्तुहरू उत्पादन गर्दै आउनुभएको छ । उहाँले कृषिसँग जोडिएकाले पशुपालन, तरकारी खेती, दूध, माछा र लोकल कुखुरालगायतको उत्पादनसहित रिसोर्ट सञ्चालनमा ल्याउनुभएको हो ।

फार्ममा लोकल र लेयर्स जातका तीन हजार कुखुरा रहेका छन् भने दूधका लागि गाई, भैँसी तथा मासुका लागि बाख्रा, कुखुरा हाँस र माछा पाल्नुभएको छ । "कतिपय एग्रो रिसोर्टले बाहिरबाट उपभोग्य सामग्री ल्याएर एग्रो रिसोर्ट चलाएको देखे, हामीले ८० प्रतिशत रिसोर्टमै उत्पादन गरिएको कृषि सामग्रीको परिकार बनाउँछौँ, २० प्रतिशत मात्रै उपभोग्य सामग्री बाहिरबाट ल्याउँछौँ, मौलिक र आफ्नै उत्पादन हाम्रो मुख्य आकर्षण हो", उहाँले भन्नुभयो, "रिसोर्ट फैलिएको ३० रोपनी जग्गामध्ये १० रोपनी जग्गा भाडामा र अन्य आफ्नै जग्गामा छ ।"अहिले रिसोर्टको प्रचार प्रसार नगरेको जनाउँदै रिसोर्टमा आउने पाहुनाले उपभोग गरेर बाँकी रहेको तरकारी र अण्डा बागलुङ बजारमा बिक्री गर्दै आएको बताउनुभयो । उहाँले रिसोर्टलाई औपचारिक रूपमा उद्घाटन गर्न बाँकी रहेको र कोरोनाको प्रभावले ढिलाइ भएको प्रतिक्रिया दिनुभयो ।

आफू पनि विदेशमा दुःख गरेर फर्किएको र धेरै युवाले गाउँघर छाडिरहेका बेला गाउँमा नै सम्भावना देखेर करोडौँ लगानी गरेको व्यवसायी केसीको भनाइ छ । विशेषगरी आन्तरिक पर्यटकलाई लक्षित गरी कृषि फार्मसँगै रिसोर्ट पनि सञ्चालनमा ल्याइएको उहाँ बताउनुहुन्छ । घुमफिर, मौलिक खानपान र शान्त वातावरणमा रमाउन चाहनेलाई बागलुङ बजारदेखि नजिकको गन्तव्य रिसोर्ट बन्न सक्ने उहाँको भनाइ छ ।

# स्टेप वाई स्टेप मा. वि. मा पुरस्कार वितरण

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

स्टेप बाई स्टेप मा . वि. मासबार, पोखरा मा खेलकुद तथा अतिरिक्त क्रियाकलापका पुरस्कार वितरण गरिएको छ ।

बर्षभरि भएका अतिरिक्त क्रियाकलाप, अनुशासन तथा विद्यालयको खेलकुद महोत्सवमा सम्पन्न फुटबल, बास्केटबल, भलिबल, टि.टि., ब्याडमिन्टन, दौडहरु आदिमा विजयी विद्यार्थीहरुलाई पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा संस्थापक प्राचार्य निर्मला बराल, विद्यालय व्यावस्थापन समितिका अध्यक्ष संस्थापक निर्देशक रमाकान्त बराल, विद्यालय व्यवस्थापन समिति सदस्य तथा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका सभापति डण्डराज पौडेल, लेखबहादुर के.सी., सहप्राचार्य दीपक गिरी, कक्षा ११ र १२ का संयोजक रघुनाथ वाग्ले लगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।

प्राचार्य निर्मला बरालले विद्यालयले पढाइका साथसाथै खेलकुद र अतिरिक्त क्रियाकलापमा जोड दिई विद्यार्थीको चौतर्फी विकासमा विशेष ध्यान दिने गरेको कुरा बताउनुभयो । उहाँले विजयी विद्यार्थीहरुलाई बधाई दिँदै उत्तरउत्तर प्रगतिको कामना गर्नुभयो । विद्यालय व्यवस्थापन समिति सदस्य तथा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका सभापति डण्डराज पौडेलले स्टेप बाई स्टेप मा. बि. यस क्षेत्रकै उत्कृष्ट र पुरानो विद्यालय रहेको र शिक्षा क्षेत्रमा यसको ठुलो योगदान रहेको कुरा बताउनुभयो । कार्यक्रमका सभापति तथा संस्थापक निर्देशक रमाकान्त बरालले बिजयी विद्यार्थीहरु लाई बधाई दिँदै कार्यक्रमलाई सफल पार्न सहयोग गर्नुहुने सबैलाई धन्यबाद दिनुभयो । सहप्राचार्य दीपक गिरीले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन शिक्षक मेघनाथ गिरीले गर्नुभएको थियो ।

# स्वास्थ्यचौकी नबन्दा सेवा प्रवाहमा समस्या

पोखरापत्र संवाददाता
बागलुङ, २७ माघ

बागलुङ नगरपालिका-१० भकुण्डभस्थित स्वास्थ्यचौकी भवन निर्माण सम्पन्न नहुँदा सेवा प्रभावहमा समस्या भएको छ । निर्माण थालेको सात वर्ष बित्दा पनि भवन अधुरै छ ।

विसं २०७२ कात्तिकमा रछिना एण्ड कन्स्ट्रक्सन प्रालिले १८ महिनामा सक्ने गरी भवन निर्माणको जिम्मा लिएको थियो । अहिले वर्षौं पुरानो जीर्ण भवनबाट सेवा प्रवाह हुँदै आएको छ । पटक-पटक म्याद थप गर्दा पनि भवन बनाउन नसकेको सघन सहरी तथा भवन निर्माण आयोजनाका इन्जिनियर योगेन्द्र बस्ताकोटीले बताउनुभयो । निर्माण कम्पनीले हालसम्म ९० प्रतिशत काम सकेको छ ।

कार्यालयले केही दिन अगाडि ठेक्का तोड्नका लागि सूचना प्रकाशन गरेको र निर्माण कम्पनीले माघ महिनाभित्रै काम सक्ने भन्दै पत्र पठाएको बस्ताकोटीले बताउनुभयो । "ठेक्का तोड्ने या काममा लगाउने भन्ने विषयमा निर्णय भएको छैन", उहाँले भन्नुभयो ।

भवनको लागत रु एक करोड ७० लाख ४८ हजार रहेको छ । स्वाथ्यचौकी प्रमुख उमेश सर्बुजाले समयमै भवन नबन्दा पुरानो साँघुरो भवनबाट सेवा प्रवाह गर्नुपरेको गुनासो पोख्नुभयो ।

एउटै भवनबाट बर्थिङ सेन्टर, खोप, बिरामी जाँच्नेलगायत काम गरिँदै आएको छ । "पुरानो भवनमा पर्याप्त कोठा छैनन्, एकै पटक धेरै बिरामी आए कहाँ जाँच गर्ने ?, कहाँ खोप लगाउने ?, कहाँ प्रसूति गराउने भन्ने समस्या हुन्छ", उहाँले भन्नुभयो ।

# बागलुङ-बेनी सडक जीर्ण

पोखरापत्र संवाददाता
बागलुङ, २७ माघ

बागलुङबाट रत्नेचौर हुँदै बेनी पुग्ने सडक जीर्ण अवस्थामा छ । उक्त सडकमा जताततै खाल्डाखुल्डी छन् । सडकमा नालीसमेत बनेको अवस्था छैन । कालोपत्र उप्किएको छ । कतै सडक धुलाम्मे छ।

बाङ्गेचौरबाट रत्नेचौरसम्मको ११ किलोमिटर सडक बर्सेनि मर्मत गरिन्छ । तर बाढी र पहिराले कालोपत्र बगाएको छ । रत्नेचौरबाट बेनीसम्मको छ किलोमिटर सडकको कालोपत्र उप्किएर खाल्डाखुल्डी हुँदा यात्रुलाई सास्ती भएको छ। सडक डिभिजन कार्यालयले बर्सेनि मर्मत गर्दैआएको भए पनि सडकको अवस्थामा खासै सुधार आउन सकेको छैन।

यस्ते रत्नेचौरबाट खबरासम्मको चार किलोमिटरमध्ये तीन किलोमिटर सडक २०७६ मा कालोपत्र गरिएको हो । वर्ष दिन नपुग्दै त्यो पनि उप्किएको छ । बर्खामा हिलो र हिउँदमा धुलोले सास्ती हुने स्थानीय सुरज सापकोटा बताउनुहुन्छ । "गुणस्तरीय काम हुन सकेको छैन", उहाँले भन्नुभयो। कुडुँलेमा नाली छ, तर सडक कालोपत्र छैन। रत्नेचौरमा कालोपत्र गरिएको सडकमा नाली मर्मत गर्नुपर्ने अवस्थामा छ।

बर्सेनि मर्मतसम्भार गर्दैआए पनि पूरै नयाँ बनाउन बजेट अभाव रहेको सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी कृष्णबहादुर खड्का बताउनुहुन्छ । "मर्मतका लागि बर्सेनि न्यून बजेट आउँछ", उहाँले भन्नुभयो । रत्नेचौरबाट बेनीसम्मको सडक पूर्वाधार कार्यालयअन्तर्गत रहेको खड्काको भनाइ छ। बाङ्गेचौरबाट रत्नेचौरसम्म सडक डिभिजन कार्यालयले बर्सेनि मर्मत गर्दैआएको छ। "सडक कालोपत्र गर्न बजेट माग गरेका छौँ", उहाँले भन्नुभयो । रत्नेचौरबाट बेनीको खबरासम्मको चार किलोमिटर कालोपत्र गर्ने काम २०७४ देखि थालिएको हो । अझै सो काम सम्पन्न हुन सकेको छैन । रु १२ करोड १७ लाखको लागतमा कालोपत्रको ठेक्का नागार्जुन देव एण्ड सायर बिएन जेभीले लिएको छ।

बागलुङका अधिकांश कालोपत्र सडक हस्तान्तरणको प्रक्रियामा छन् । कुँडुलेबाट रत्नेचौरसम्मको सडक रु २० लाखको लागतमा ठेक्कामार्फत मर्मतसम्भार भइरहेको सडक डिभिजन कार्यालयले जनाएको छ। पछिल्लो समय कालीगण्डकी करिडोरअन्तर्गत मालढुङ्गाबाट पर्वतको जलजला हुँदै बेनी जाने राजमार्ग विस्तार भइरहेकाले ठूला सवारीसाधन वैकल्पिक मार्ग बागलुङ हुँदै रत्नेचौर बेनी पुग्ने गरेका छन् ।

# मदिरा र सुर्तीजन्य पदार्थको विज्ञापन नगर : काउन्सिल

रासस
काठमाडौं, २७ माघ

प्रेस काउन्सिल नेपालले मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थको विज्ञापन सामग्रीको प्रचारप्रसार नगर्न/नगराउन सञ्चारमाध्यमलाई आह्वान गरेको छ।

काउन्सिलका सहप्रवक्ता एवं सूचना अधिकारी रामशरण बोहराले जारी गर्नुभएको विज्ञप्तिमा मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्यजस्ता पदार्थले जनस्वास्थ्य प्रतिकूल गराउने भएकोले विज्ञापन सामग्रीको प्रचार रोक्न सञ्चारमाध्यमलाई सचेत गराइएको हो । सञ्चारमाध्यम, सामाजिक सञ्जाललगायतका विद्युतीय माध्यम एवं होर्डिङ बोर्डमा मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थको विज्ञापन सामग्रीको प्रचारप्रसार भइरहेको भन्दै काउन्सिलको ध्यानाकर्षण भएको जनाइएको छ । "जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४५ को उपदफा (१) मा 'मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थलगायत मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाइने छैन' भन्ने व्यवस्था रहेको छ", विज्ञप्तिमा भनिएको छ, "यसविपरीत विभिन्न सञ्चारमाध्यम, सामाजिक सञ्जाललगायतका विद्युतीय माध्यम एवं होर्डिङ बोर्डमा मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थको विज्ञापन सामग्रीको प्रचारप्रसार भइरहेको सन्दर्भमा प्रेस काउन्सिल यसकिसिमका विज्ञापन सामग्री सम्प्रेषण नगर्न/नगराउन सम्पूर्ण सञ्चारमाध्यमलाई यसै विज्ञप्तिमार्फत् आह्वान गर्दछ।"

काउन्सिलले पछिल्लो समय प्रकाशित सामग्रीलाई लिएर प्रेस स्वतन्त्रताको हनन हुने किसिमबाट गालीगलौज गर्ने, धम्की दिने कार्य हुने गरेकोप्रति काउन्सिलको ध्यानाकर्षणसमेत भएको जनाएको छ।

त्यस्तै कतिपय स्वास्थ्य तथा आर्थिक क्षेत्रतर्फ केन्द्रित सञ्चारमाध्यमबाट पर्याप्त आधार/कारण र प्रमाणबिनै सम्बन्धित निकाय वा पक्षको भनाइलाई स्थान नदिई एकपक्षीय सामग्री सम्प्रेषण गर्ने गरेको भनी गुनासा आउन थालेकाले त्यस्तो प्रवृत्ति रोक्न समेत भनिएको छ। "यसतर्फ पनि पत्रकारिताको पेसागत आचारण कायम राख्न र गैरपेसागत क्रियाकलाप नगर्न/नगराउनतर्फ सम्बन्धितपक्षलाईसचेत गराउँदछौं" विज्ञप्तिमा भनिएको छ।

# लखन बचत तथा ऋण सहकारीको सहकारी शिक्षा तालिम

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

लखन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा-१० ले आफ्ना शेयर सदस्यका लागि एक दिने सहकारी शिक्षा तालिम सम्पन्न गरेको छ।

बिहीबार आयोजित तालिममा सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेशका निमित्त कार्यालय प्रमुख चोलाकान्त वाग्ले र शाखा अधिकृत महेशराज पौडेलले प्रशिक्षण दिनुभएको थियो । सहकारी संस्थाका अध्यक्ष पूर्णबहादुर रानामगरको अध्यक्षतामा भएको कार्यक्रममा सहभागी शेयर सदस्यहरूलाई सहकारी ऐन, कानून, नियमावली एवं सहकारी सिद्धान्तका बारेमा जानकारी गराइएको थियो । साथै, सो अवसरमा वित्तीय साक्षरतासम्बन्धी "समृद्धि" नामक वृत्तचित्र समेत प्रदर्शन गरिएको थियो । शिक्षा उपसमितिका संयोजक रूद्रबहादुर श्रीसले तालिमको सहजीकरण गर्नुभएको थियो।


रक्तदान
जीवनदान



## घरनिर्माणका लागि संधियारको नाउँमा जारी गरिएको सूचना

मितिः २०७९/१०/२७

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २६ एकता मार्ग टोलमा साविक कन्धनी डाँडा–६, हाल पोखरा महानगरपालिका वडा नं. २६ मा पर्ने कि.नं. ३३९३ क्षेत्रफल ०–७–०–१ को आफ्नो हक भोगको जग्गामा बाँके जिल्ला रझेना–४ निवासी तुलसी देवी पौडेलले घर निर्माण गर्न लाग्नु भएको र मिति २०७९/१०/१० मा संधियारको नाउँमा १५ दिन सूचना जारी भई वडा कार्यालयबाट सर्जमिन मुचुल्काका लागि फिल्डमा जाँदा पूर्व तर्फ कि.नं. १७६५ का संधियार नभेटिएकाले पूर्वतर्फका संधियार तपाईलाई निज तुलसीदेवी पौडेलले घर निर्माण गर्दा बाधा अप्ठ्यारो पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र वडा कार्यालयमा सम्पर्क गर्न सूचना गरिएको छ।

**पोखरा महानगरपालिका वडा नं २६, अघौ**

**सम्पर्क नं.: ०६१–५६३५९०**

९७४८७४४५८९ (**घर निर्माण गर्ने तुलसीदेवी पौडेल**)



## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मितिः २०७९/१०/२८)**

**यस समूहको आ.व. २०७८/०७९ मा उत्पादन भई समूहको घाटगद्दीमा रहेको साल गोलिया थान १६४ को १४०४.३६ घ.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। नियमानुसारको योग्यता पुगेका सः मिल तथा भेनियर उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म बोलपत्र खरिद गरी १६ औं दिन कार्यालय समयभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।**

**अध्यक्ष**

**अदन बन्दिपुर सामुदायिक वन उपभोक्ता समुह**

**देवचुली ५, नवलपरासी (ब.सु.पू.)**